प्रमुख समाचारहरुबाट

- अर्थमन्त्री निर्मला सीतारमनले राज्यसभामा संघीय बजेटमाथि भएको छलफलको जवाफ दिइन्
- लोकसभाले आज औद्योगिक सम्बन्ध संहिता विधेयक, २०२६ गरेको छ पारित।
- भारतले आज नेपाललाई निर्वाचन सम्बन्धी तेस्रो चरणको सहायता गरेको छ हस्तान्तरण
- सरकारले शिक्षा क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगलाई प्रवर्द्धन गरिरहेको शिक्षा मन्त्रीले बताउनु भयो
- रक्षा मन्त्रालयले विमानको खरिदका लागि हिन्दुस्तान एयरोनॉटिक्स लिमिटेडसँग सम्झौतामा गरेको छ हस्ताक्षर।

राज्यसभा बजेट-सीतारमन

अर्थमन्त्री निर्मला सीतारमनले आज राज्यसभामा संघीय बजेटमाथि भएको छलफलको जवाफ दिँदै सरकार आर्थिक वृद्धि प्रवर्द्धन गरेर समावेशी विकास सुनिश्चित गर्दै भारतलाई सशक्त र आत्मनिर्भर बनाउने काममा लागिरहेको बताउनु भयो। उहाँले उच्च आर्थिक वृद्धिलाई कायम राख्दै मुद्राको मूल्यवृद्धिलाई न्यून राखिएको बताउनु भएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले आगामी वित्तीय वर्ष २०२५–२६ मा देशको जीडीपी ७.४ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ। उहाँले भन्नुभयो, उपभोक्ता मूल्य सूचकांक मुद्राको मूल्यवृद्धि २ प्रतिशतमा घटेको छ, जसले देशको अर्थतन्त्रको बलियो वृद्धिका आधारलाई प्रतिबिम्बित गर्छ। अर्थमन्त्रीले घरेलु उत्पादन क्षमता विकासमा जोड दिइएको बताइन्। उहाँले यस वर्षको बजेट सरकारले निर्माण क्षेत्रको विकासका लागि बनाएको दृष्टिकोणलाई दर्शाउने कुरा बताइन्।

उहाँले मानव सम्पत्ति विकासमा पनि जोड दिइएको र यसले आगामी वर्षहरूमा रोजगारी सिर्जना गर्न सहयोग पुग्ने बताउनु भयो। बैंकिङ तथा ऋण उपलब्धतामा उल्लेखनीय वृद्धि देखिएको उहाँले थप बताउनु भयो। अर्थमन्त्रीले विपक्षको सामाजिक कल्याण योजनामा खर्च घटाइएको भन्ने आरोपको जवाफ दिँदै ,कल्याण योजनाका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ बताइन। उनले मध्यमवर्गलाई दबावमा पारिएको विपक्षको आरोपलाई पनि खण्डन गर्दै एनडीए सरकारअन्तर्गत गरिएको आर्थिक सुधारले मध्यम वर्गको विस्तार गरेको बताइन्।

लोकसभा–वित्त समिति

लोकसभामा आज विश्वव्यापी आर्थिक तथा भू–राजनीतिक अवस्थाअनुसार भारतीय आर्थिक विकासको रूपरेखासम्बन्धी वित्तसम्बन्धी स्थायी समितिको टिप्पणीमाथि सरकारद्वारा गरिएको कारवाहीबारे २९औँ प्रतिवेदन प्रस्तुत गरिएको छ। यो प्रतिवेदन लोक जनशक्ति पार्टीका अरुण भारतीले पेश गरेका हुन्। समितिले भू–राजनीतिक तनावले प्रभावित अस्थिर वैश्विक अर्थतन्त्रका बाहेक सुदृढ आन्तरिक माग र लगानीको समर्थनका कारण सन् २०२४–२५ मा भारतको वास्तविक कुल घरेलु उत्पादन (जीडीपी) ६.५ प्रतिशतले वृद्धि भई अर्थतन्त्र मजबुत अवस्थामा रहेको उल्लेख गरेको छ। समितिले आगामी एक दशकसम्म वार्षिक ८ प्रतिशतको महत्वाकांक्षी आर्थिक वृद्धि हासिल गर्न हालको ३१ प्रतिशत रहेको लगानी दरलाई बढाएर करिब ३५ प्रतिशत जीडीपीसम्म पुऱ्याउनुपर्ने सुझाव दिएको छ। तीव्र परिवर्तन भइरहेको वैश्विक व्यापार परिवेशमा भारतको निर्यातमा भएको उल्लेखनीय वृद्धिलाई पनि समितिले प्रशंसा गरेको छ।

लोकसभा औद्योगिक सम्बन्ध संहिता

लोकसभाले आज औद्योगिक सम्बन्ध संहिता विधेयक, २०२६ पारित गरेको छ। यस विधेयकले औद्योगिक सम्बन्ध संहिता, २०२० मा संशोधन गर्दछ। संशोधनको मुख्य उद्देश्य तीन पुराना कानून—ट्रेड युनियन ऐन, १९२६; औद्योगिक रोजगार (स्थायी आदेश) ऐन, १९४६; र औद्योगिक विवाद ऐन, १९४७—जसको स्थान औद्योगिक सम्बन्ध संहिता २०२० ले लिएको थियो, तिनीहरूको निरन्तरता सुनिश्चित गर्दै भविष्यमा आउने जटिलतालाई रोक्नु हो। छलफलको उत्तर दिनु हुँदै श्रम तथा रोजगार मन्त्री मनसुख माण्डवियाले १७ राष्ट्रिय श्रम सङ्गठनले श्रम संहिता श्रमिकको हितमा लागू गरिएको पुष्टि गरेको बताउनु भएको छ। माण्डवियाले भन्नु भयो, यस संहिताले पुरुष र महिलाका लागि समान तलबको ग्यारेन्टी दिन्छ र श्रमिकलाई समयमै तलब भुक्तानी सुनिश्चित गर्दछ। भाजपा सांसद दर्शन सिंह चौधरीले ,यो विधेयक श्रमिकको हित संरक्षण गर्दछ र उद्योग क्षेत्रमा ‘ईज अफ डुइङ बिजनेस’ प्रवर्द्धन गरेको बताउनु भयो।

भारतीय तटरक्षक बलका लागि डोर्नियर विमान खरिद

रक्षा मन्त्रालयले आठ डोर्नियर 228 विमानको खरिदका लागि हिन्दुस्तान एयरोनॉटिक्स लिमिटेडसँग सम्झौतामा हस्ताक्षर गरेको छ। उक्त सम्झौताको मूल्य २,३१२ करोड रुपैयाँ छ र यसमा भारतीय तटरक्षक बलका लागि आवश्यक परिचालन उपकरणहरू पनि समावेश छन्।मन्त्रालयका अनुसार यो सम्झौता आत्मनिर्भर भारत र मेक-इन-इन्डिया अभियानप्रति सरकारको प्रतिबद्धता दर्शाउँछ र देशको समुद्री सुरक्षालाई मजबुत बनाउनेछ

डीएसी–रफाल स्वीकृति

रक्षा खरिद परिषद (डीएसी)ले आज भारतीय सशस्त्र बलको क्षमता बढाउन करिब ३ लाख ६० हजार करोड रुपियाँ बराबरका प्रस्ताव स्वीकृत गरेको छ।यस अन्तर्गत भारतीय वायु सेनाका लागि मल्टी रोल फाइटर एयरक्राफ्ट रफाल, लडाकू मिसाइल र उच्च उचाइमा काम गर्ने हवाई उपग्रह खरिदको आवश्यकता स्वीकृत गरिएको छ। अधिकांश रफाल विमानको निर्माण भारतमा नै हुनेछ।साथै, भारतीय सेनाका लागि बख्तरबंद वाहन, टी-७२ ट्यांक र पैदल सेना लडाकू वाहनका एंटी–ट्यांक माइन्स किन्ने अनुमति दिइएको छ। भारतीय नौसेनाका लागि चार मेगावाट समुद्री ग्यास टरबाइन जनरेटर र P-8I समुद्री टोही विमान किन्ने भएको छ। भारतीय तटरक्षक बलका लागि डॉर्नियर विमानका लागि इलेक्ट्रो–अप्टिकल इन्फ्रारेड प्रणालीको पनि स्वीकृति दिइएको छ।

भारत–नेपाल निर्वाचन सहायता

भारतले आज नेपाललाई निर्वाचन सम्बन्धी तेस्रो चरणको सहायता हस्तान्तरण गरेको छ। नेपाली राजधानी काठमाडौँमा भारतीय दूतावासका राजदूत नवीन श्रीवास्तवले २७० भन्दा बढी सवारीसाधन र अन्य सामग्री हस्तान्तरण गरे। गृह मन्त्री ओम प्रकाश आर्यालले सहायता प्राप्त गरे भने नेपाली सेनाका लागि ५० ट्रक सेनाका प्रमुख जनरल अशोक राज सिग्देलले ग्रहण गरे।नेपालका गृह मन्त्रीले समयमा र महत्वपूर्ण सहयोगका लागि भारत सरकारलाई धन्यवाद दिएका छन् र दुई देशबीचको आपसी विश्वास, मित्रता र लोकतान्त्रिक मूल्यमा आधारित सहयोगको सराहना गरे। यसअघि भारतले यसै वर्षको २० र २९ जनवरीमा पहिलो दुई चरणको निर्वाचन सहायता नेपाललाई हस्तान्तरण गरेको थियो। आगामी दिनमा थप सहायता चरणमा उपलब्ध गराउने योजना छ ।

७ . गोयल–इंडोवेशन कार्यक्रम

वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले ,भारत प्रविधि क्षेत्रमा अग्रणी छ र यस प्रगतिका लागि सरकार र निजी क्षेत्रले युवा नवप्रवर्तनकर्ताहरूलाई प्रोत्साहन गर्नै पर्छ भन्नु भएको छ। उनले यो कुरा आज नयाँ दिल्लीमा आयोजित "इंडोवेशन, मेडटेक इनोवेशन र स्टार्टअप शोकेस" कार्यक्रममा व्यक्त गर्नु भयो ।श्री गोयलले मेडटेक स्टार्टअपहरूलाई भारतका बढ्दो व्यापार सम्झौताबाट लाभ उठाउँदै, जुन विश्वव्यापी जीडीपीको करिब ७० प्रतिशत हिस्सा समेट्छ, अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्न र भारत तथा विश्वको सेवामा किफायती नवप्रवर्तनहरू ठुलो स्तरमा लागू गर्न आग्रह गर्नु भएको छ ।

भारतले विभिन्न व्यापार सम्झौताबाट विशाल बजार खोलेको छ र अधिकांश विकसित देशसँग स्वतन्त्र व्यापार सम्झौता सम्पन्न भइसकेको बताउनु भएको छ ।

प्रधान-एआई सम्मेलन

शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले सरकारले शिक्षा क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगलाई प्रवर्द्धन गरिरहेको बताएका छन्। दिल्लीमा आयोजित भारत बोधन एआई सम्मेलन–२०२६ मा बोल्दै उनले भारतीय शिक्षा प्रणालीमा एआईसम्बन्धी काम तीव्र गतिमा भइरहेको र यसका लागि देशमा पर्याप्त युवा प्रतिभा रहेको उल्लेख गरे। केन्द्रीय मन्त्री प्रधान अनुसार एआईलाई तेस्रो कक्षादेखि उच्चस्तरीय अनुसन्धान तहसम्मको पाठ्यक्रममा समावेश गरिनेछ। साथै, यसलाई अनुसन्धान विषय, नवप्रवर्तनको नमूना तथा सञ्चार रणनीतिको रूपमा पनि विकास गरिने उनले बताए।

एसबीआई: भारत–अमेरिका व्यापार

भारतीय स्टेट बैंकको एक अनुसन्धान प्रतिवेदनअनुसार सम्झौतापछि अमेरिकासँग भारतको व्यापार अधिशेष वार्षिक ९० अरब डलरभन्दा बढी पुग्न सक्ने बताइएको छ। यस सम्झौताबाट भारतले थप ४५ अरब डलर वार्षिक व्यापार अधिशेष हासिल गर्ने अनुमान गरिएको छ, जुन कुल घरेलु उत्पादन (जीडीपी) को करिब १.१ प्रतिशत हो। यसबाट विदेशी मुद्रा सञ्चितिमा ३ अरब डलर बचत हुने उल्लेख गरिएको छ। प्रतिवेदनअनुसार युरोपेली संघ र बेलायतसँगको सहकार्यपछि अमेरिकासँग भएको अन्तरिम व्यापार सम्झौताले भारतलाई विशिष्ट रणनीतिक अवस्थामा पुऱ्याएको छ।

ICC पुरुष T20 क्रिकेट

ICC पुरुष T20 क्रिकेट विश्वकपमा, आज मुम्बईको वानखेडे स्टेडियममा समूह C को खेलमा इटालीले नेपाललाई १० विकेटले पराजित गरेको छ। नेपाललाई पहिलो ब्याटिङको अवसर दिइएको थियो, जहाँ नेपाल १९.३ ओभरमा सबै विकेट गुमाउँदै १२३ रनमै आउट भयो। जवाफमा, इटालीले १३औँ ओभरमा लक्ष्य पूरा गर्यो र सबै विकेट सुरक्षित राख्यो। अर्को खेलमा, श्रीलंका १५५ रनले ओमानलाई हराउँदै जित हात पाऱ्यो। यसैबीच, भारत र नामिबियाको दिल्लीको अरुण जेटली स्टेडियममा आज साँझ ७ बजेदेखि शुरु भएको खेलमा भीडन्त भइरहेछ।

प्रमुख समाचार पुनः एक पटकः

- अर्थमन्त्री निर्मला सीतारमनले राज्यसभामा संघीय बजेटमाथि भएको छलफलको जवाफ दिइन्
- लोकसभाले आज औद्योगिक सम्बन्ध संहिता विधेयक, २०२६ गरेको छ पारित।
- भारतले आज नेपाललाई निर्वाचन सम्बन्धी तेस्रो चरणको सहायता गरेको छ हस्तान्तरण
- सरकारले शिक्षा क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगलाई प्रवर्द्धन गरिरहेको शिक्षा मन्त्रीले बताउनु भयो
- रक्षा मन्त्रालयले विमानको खरिदका लागि हिन्दुस्तान एयरोनॉटिक्स लिमिटेडसँग सम्झौतामा गरेको छ हस्ताक्षर।

प्रधानमन्त्री–निर्मला सीतारामन बजेट

प्रधानमन्त्री नरेन्द्र मोदीले अर्थमन्त्री निर्मला सीतारामनले लोकसभामा दिएको सम्बोधनमा यस वर्षको बजेटले देशको आर्थिक रूपान्तरणमा कसरी योगदान पुऱ्याउनेछ भन्ने विषयमा विस्तृत विवरण प्रस्तुत गरेको बताएका छन्।लोकसभामा बजेटमाथि अर्थमन्त्रीले दिएको जवाफको भिडियो सामाजिक सञ्जालमा साझा गर्दै प्रधानमन्त्री मोदीले बजेटले 'रिफर्म एक्सप्रेस', सूक्ष्म, साना तथा मझौला उद्योग (एमएसएमई) लाई सहयोग, सीप विकास, नयाँ पुस्ताको पूर्वाधार प्रवर्द्धन तथा शिक्षालगायतका क्षेत्रमा विशेष जोड दिएको उल्लेख गरेका छन्।